**DOI:** https://doi.org/10.3126/phe.v16i1. 96854

# मन्त्रीको मुस्कान लघुकथा–सङ्ग्रहमा अलङ्कार

**नारायणप्रसाद पन्थ**
त्रि.वि., बुटवल बहुमुखी क्याम्पस
इमेल : panthanarayan25@gmail.com
Orcid ID : https://orcid.org/ 0009-0006-0535-1151

**Received: March 3, 2026** **Accepted: May 25, 2026** **Publication: June 10, 2026**

## लेखसार

अलङ्कारलाई पूर्वीय काव्यशास्त्रपरम्परामा स्थापित महत्त्वपूर्ण सिद्धान्तका रूपमा लिइन्छ । यो आफैँमा शोभाकारक वस्तु वा काव्यमा नभई नहुने विषय हो । मन्त्रीको मुस्कान कपिल लामिछानेद्वारा लेखिएको लघुकथासङ्ग्रह हो । यस लेखमा आलङ्कारिक शिल्पसौन्दर्यका दृष्टिले मन्त्रीको मुस्कान लघुकथा सङ्ग्रहमा प्रयुक्त अलङ्कारको अध्ययन गरिएको छ । यही नै यसको प्राज्ञिक समस्या हो । यस लेखको मुख्य उद्देश्य आलङ्कारिक शिल्पसौन्दर्यका दृष्टिले मन्त्रीको मुस्कान लघुकथामा प्रयुक्त अलङ्कारको विश्लेषण गर्नु हो । यसका लागि प्राथमिक सामग्रीका रूपमा मन्त्रीको मुस्कान लघुकथासङ्ग्रहलाई लिइएको छ भने वर्णनात्मक विधिको प्रयोग गरी पुस्तकालय कार्यबाट अलङ्कारविधान सम्बद्ध सैद्धान्तिक सामग्रीलाई द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ । मन्त्रीको मुस्कान लघुकथा सङ्ग्रहमा अलङ्कारका सार्थक प्रयोगले लघुकथा सङ्ग्रहको भाव र अर्थगत पक्ष सौन्दर्यपूर्ण बनेको छ । अलङ्कारका सार्थक प्रयोगले आकर्षण थप्नुका साथै प्रस्तुतिमा पनि सौन्दर्य बढाएको छ । अलङ्कारद्वारा लक्ष्यार्थ र व्यञ्जनामूलक भाषिक एकाइको प्रयोग गरी लघुकथासङ्ग्रहलाई जीवन्त बनाइएको छ । यस लेखमा अलङ्कारद्वारा सौन्दर्य सिर्जना गरी लघुकथा सङ्ग्रहलाई सघन तुल्याइएको निचोड निकालिएको छ । यो अध्ययन शिक्षक, विद्यार्थी, साहित्यप्रेमी तथा पाठकवर्गलाई उपयोगी हुने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जी :** अलङ्कारसिद्धान्त, अलङ्कृत काव्य, काव्यसौन्दर्य, काव्यशास्त्रपरम्परा, काव्योक्ति ।

## विषयपरिचय

*मन्त्रीको मुस्कान* कपिल लामिछानेद्वारा लिखित एवम् २०८० सालमा प्रकाशित लघुकथासङ्ग्रह हो । यस सङ्ग्रहमा तीन सालको अन्तरालमा अर्थात् २०७८ देखि २०८० का बिचमा लेखिएका ५४ ओटा लघुकथाहरू सङ्कलन गरिएका छन् । प्रस्तुत लेखमा यसै सङ्ग्रहभित्रका कथालाई आलङ्कारिक शिल्पसौन्दर्यका दृष्टिले विवेचना गरिएको छ । वस्तुतः अलङ्कार पूर्वीय काव्यशास्त्रपरम्परामा स्थापित महत्त्वपूर्ण घटक हो । यसलाई साहित्यिक भावका अतिरिक्त शक्तिसौन्दर्य थप गर्ने स्वतन्त्र अस्तित्व भएको साहित्यिक तत्त्व पनि मानिन्छ । यो साहित्यको बाहिरी तत्त्व मात्र नभई रसगत संश्लिष्टता

भएको घटक अथवा साहित्यमा रमणीय भाव उत्पन्न गर्न सहयोग पुऱ्याउने सौन्दर्यपूर्ण तत्त्व हो । राम्रारामा गहना वा लुगाबाट मानिस आकर्षक देखिएजस्तै साहित्यमा पनि अलङ्कारले चमत्कारपूर्ण तुल्याएको हुन्छ। अलङ्कार विशेष गरी साहित्यिक भावलाई प्रभावपूर्ण ढङ्गले सम्प्रेषण गर्नका लागि उपयोगी मानिन्छ। अलङ्कारको प्रयोगबारे धेरैजसो पद्यशैलीका रचनामा मात्र हुने गरेको पृष्ठभूमिका यहाँ नयाँ दृष्टिकोणसहित आख्यानात्मक विधाका रूपमा रहेको लघुकथा सङ्ग्रहभित्रका कथाहरूमा विद्यमान अलङ्कारको निरूपण गरिएको छ । कुशल लेखकका काव्यमा अनायास नै काव्यसौन्दर्यका तत्त्व समावेश हुन्छन् । ध्वनिसिद्धान्तका प्रवर्तक आनन्दवर्धनले पनि यसकै कुराको सङ्केत गर्दै विनाप्रयत्न पर्न गएका अलङ्कारले नै स्वाभाविक काव्यसौन्दर्यलाई बढाउने तथ्य प्रतिपादन गरेका छन् । वस्तुतः लोकव्यवहारमा प्रयोग गरिनेभन्दा भिन्न प्रकारको आकर्षक उक्ति नै काव्योक्ति हो । यसलाई नै शास्त्रमा वक्रोक्ति भनिन्छ भने काव्यलाई काव्य बनाउने र सहृयद पाठकको हृदयलाई आफूतर्फ आकृष्ट गर्ने वक्रोक्तिलाई नै अलङ्कार मानिन्छ। यसै आधारमा यहाँ आख्यानकार कपिल लामिछानेको *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहभित्रका लघुकथाहरूमा प्रतिविम्बित अलङ्कृत अवस्थाको विश्लेषण गरिएको छ । आलङ्कारिक शिल्पसौन्दर्यका दृष्टिले *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहको अध्ययनलाई प्राज्ञिक समस्याका रूपमा लिइएको यस अध्ययनमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी सैद्धान्तिक सामग्रीलाई स्रोतसामग्रीका रूपमा लिई विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । सङ्ग्रहभित्रका कथामा अलङ्कारको अवस्था केकस्तो छ भन्ने शोधसमस्या र प्राज्ञिक जिज्ञासामा केन्द्रित रही सैद्धान्तिक अवधारणाका आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहमा आलङ्कारिक शिल्पसौन्दर्यका दृष्टिले अध्ययन अनुसन्धान हुनु सान्दर्भिक देखिन्छ । आख्यान विधामा अलङ्कारको अवस्थाबारे विश्लेषण गरिरहँदा सटीक साक्ष्य प्रस्तुत गरिने भएकाले पनि यस किसिमको अध्ययनले विशेष महत्व राख्दछ। यद्यपि यस *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहमा आलङ्कारिक शिल्पसौन्दर्यका दृष्टिले अध्ययन हुन नसकेकाले पनि उक्त रिक्तताका सन्दर्भमा प्रस्तुत लेखको अनुसन्धानात्मक औचित्य प्रमाणित हुन्छ। यस अध्ययनबाट *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहको अध्ययन गर्न चाहने अनुसन्धाता, विद्यार्थी तथा जिज्ञासु पाठकवर्ग लाभान्वित हुने हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा विश्लेषणको सैद्धान्तिक आधार पौरस्त्य काव्यशास्त्रमा स्थापित अलङ्कार सिद्धान्तलाई बनाई विश्लेषण गरिएको छ। यहाँ अलङ्कारविधानगत पक्षलाई सैद्धान्तिक ढाँचा बनाएर कृतिपठनका आधारमा गुणात्मक विधि उपयोग गरी तथ्य सङ्कलन गरिएको छ । यस अध्ययनका लागि प्राथमिक सामग्रीका रूपमा *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहलाई लिएको छ । पुस्तकालयकार्यबाट अलङ्कार सम्बद्ध पुस्तक, शोधपत्र तथा लेखरचनालाई द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ। आलङ्कारिक शिल्पसौन्दर्यका प्रयोगको अवस्था पत्ता लगाउन *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहबाट भाषिक सामग्री तथा तथ्य सङ्कलन गरिएको छ । सङ्कलन गरिएका तथ्यलाई वर्णनात्मक विधिबाट आलङ्कारिक शिल्पसौन्दर्यको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यसरी पाठविश्लेषणका आधारमा

आलङ्कारिक शिल्पसौन्दर्यका दृष्टिले *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहमा प्रयुक्त अलङ्कारको अध्ययन गरी वास्तविक तथ्यको निरूपण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

अलङ्कार पूर्वीय काव्यसिद्धान्तको बहुप्रचलित शब्द हो । यो तत्समसमूल अर्थात् संस्कृत स्रोतबाट आएको हो । यसलाई पृथक् सिद्धान्त वा वादका रूपमा पनि गाँसेर व्याख्या गर्ने परम्परा रहेको छ । अलङ्कारलाई खास गरी भावव्युत्पत्ति र करणव्युत्पत्तिका आधारमा व्युत्पादन गरिन्छ । भावव्युत्पत्ति गर्दा यसको अर्थसौन्दर्य अथवा शोभाको भाव भन्ने हुन्छ । करण व्युत्पत्ति गर्दा काव्यसौन्दर्यलाई अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउने तत्त्व भन्ने हुन्छ । *'अलङ्क्रियते अनेन इति अलङ्कारः'* अर्थात् जसले शोभा बढाउँछ त्यस्तो गहना नै अलङ्कार हो । वर्तमान सन्दर्भमा *अलङ्कार*को अभिप्राय यही सौन्दर्यको कारक, गहना वा वस्त्रभूषा आदिसँग मात्र गाँसेर  हेरिन्छ । त्यसैले काव्यको सौन्दर्यलाई अभिवृद्धि गर्ने शब्दार्थपरक उपमा, अनुप्रास, यमक आदि नै अलङ्कार हुन् । विश्वनाथले कामिनीका शरीरमा आभूषणले सौन्दर्यको प्रसारण गरेझैँ अलङ्कारहरूले पनि रसात्मक काव्यमा शब्दार्थको सौन्दर्यलाई सुशोभित गर्दछ भनेका छन् (विश्वनाथ, सन् १९७०, पृ.६६५) । अलङ्कार आफैँमा शोभाकारक वस्तु हो । यसले साहित्यमा उक्तिवैचित्र्य, चमत्कार तथा विलक्षणता उत्पन्न गर्छ भने अर्कातिर सौन्दर्य उत्पन्न गर्दछ । अर्थात् अलङ्कार भनेकै वस्तुलाई सुन्दर बनाउने तत्त्व हो अर्थात् काव्यको शोभा बढाउने धर्म हो । यसरी अलङ्कारलाई सामान्य अर्थमा काव्यको सजावट, आभूषण अथवा शृङ्गारकै अर्थमा प्रयोग गरिन्छ ।

अलङ्कारलाई शब्द र अर्थको प्रधानता आधारमा दुई प्रकारले हेरिन्छ । शब्दद्वारा चमत्कृति उत्पन्न हुँदाको अवस्थामा शब्दालङ्कार र अर्थद्वारा चमत्कृति हुँदाको अवस्थामा अर्थालङ्कार हुने गर्छ । कतिपय अवस्थामा शब्द र अर्थ दुवैको समान चमत्कार हुने हुँदा उभयालङ्कारको अवस्था पनि सिर्जना हुने गर्दछ । अतः शब्दको विशेष प्रयोगमाथि आश्रित उक्तिवैचित्र्य वा उक्तिचमत्कारलाई नै शब्दालङ्कार भनिन्छ । अर्थात् शब्दालङ्कारले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ (उपाध्याय, २०६७, पृ. ९९) । जसले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ त्यसलाई शब्दालङ्कार भनिन्छ । सिर्जनात्मक अभिव्यक्तिमा शब्दालङ्कारअन्तर्गतका अनुप्रास, यमक, वक्रोक्तिलगायतको विशेष प्रभाव पाइन्छ । बारम्बार शब्द वा वर्णलाई चमत्कारी रूपमा दोहोऱ्याइएमा अनुप्रास अलङ्कार हुने गर्छ । यमक शब्दको अर्थ युग्म वा जोडी वा दुई भन्ने हुन्छ । सार्थकता रहे पनि भिन्न-भिन्न अर्थ भएका स्वर एवम् व्यञ्जनका समुदायको क्रमअनुसार आवृत्ति भएमा यमक अलङ्कार हुन्छ । त्यसैले आकारले एउटै तर अर्थ फरक भएका जोडी वर्ण समूह वा शब्द दोहोरिएर चमत्कार उत्पन्न गराउने अलङ्कार नै यमक हुन् । त्यस्तै शब्दको अर्थ बङ्ग्याएर र प्रश्नद्वारा अभिधार्थलाई अवरोध गरी आफ्नो विचार प्रकट गर्दा वक्रोक्ति अलङ्कार हुन्छ । शब्दालङ्कारका रूपमा वक्रोक्ति र अर्थालङ्कारका रूपमा वक्रोक्ति गरी दुई खालको हुन्छ । एउटा अर्थमा प्रयोग गरिएको वाक्यको अर्को अर्थ लगाइएमा त्यसलाई वक्रोक्ति अलङ्कार भनिन्छ । वक्रोक्ति एक विशिष्ट अलङ्कार हो । वक्रोक्तिको अर्थ बाङ्गो, टेढो र घुमाउरो भनाइ हो ।

अर्थको चमत्कारद्वारा काव्यको सौन्दर्य बढाउन कुनै शब्दको सट्टा अर्को उही अर्थ दिने शब्द राख्दा पनि अलङ्कार खजमजिँदैन भने त्यो अर्थालङ्कार हुन्छ र त्यसले शब्दपरिवर्तन सहन्छ। यसकारण जसले व्युत्पत्तिद्वारा अर्थलाई विभूषित पार्दछन्, ती अर्थालङ्कार हुन् (उपाध्याय, २०६७, पृ. ११६) । अलङ्कार स्वयंमा गहना भए पनि यिनको प्रयोग गराइबाट ग्राह्य र अग्राह्य बन्न पुग्छन्। अर्थालङ्कारले अर्थलाई विशिष्ट बनाई आस्वाद्य बनाउने गर्दछ (पन्थ, २०७५, पृ. १३८) । यसरी अर्थगत चमत्कृतिका लागि अर्थालङ्कारको उपयोग गर्ने परम्परा रहँदै आएको छ ।

'उपमा' को शाब्दिक अर्थ दुई पदार्थबिच समानता दाँज्नु भन्ने हुन्छ। "उपमेय र उपमाबिच भिन्नता हुँदाहुँदै पनि साम्य स्थापना गर्ने अलङ्कार उपमा अलङ्कार हो" (हीरा, सन् २००३, पृ. ५९४)। यसरी उपमा र उपमेयको सुन्दर सादृश्य उपमा अलङ्कार हो । दुई व्यक्ति वा वस्तु (उपमेय र उपमान) को सादृश्य वा तुल्यतालाई उपमा भनिन्छ। प्रस्तुत विषयलाई अप्रस्तुत विषय रूपले सम्भावना गर्नु उत्प्रेक्षा अलङ्कार हो (निरौला, २०६३, पृ. ६८) । यहाँ हेर्नुको अभिप्राय सम्भावना गर्नु भन्ने रहेकाले यस शब्दको अर्थ कल्पना वा सम्भावना गर्नु हो। वस्तुतः प्रस्तुत वस्तुमा अप्रस्तुत वस्तुको सम्भावना गर्नु नै उत्प्रेक्षा हो। यो एक पदार्थमा अर्को पदार्थको सम्भावना हो ।

अभिव्यक्तिलाई प्रभावशाली पार्न लोकप्रसिद्ध उक्तिलाई उछिन्दै बढाई चढाईकन कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति हो (उपाध्याय, २०६७, पृ. ११९) । यसमा उपमेयलाई निगीरण गर्ने (निल्ने) उपमानसँग उपमेयको अभेदज्ञान अर्थात् उपमेय र उपमानको एकरूपताको ज्ञानलाई अध्यवसान गरिन्छ । स्वभावोक्ति अलङ्कारमा बढाइचढाइ नगरी जस्ताको तस्तै चमत्कारपूर्ण वर्णन गरिन्छ। त्यसैले कुनै पनि वस्तुको स्वभाव एवम् क्रियाकलाप आदिको जस्ताको तस्तै चित्र उतार्नु स्वभावोक्ति अलङ्कार हो (निरौला, २०६३, पृ. ७८) । यसमा जाति, गुण, स्वरूप र क्रियासम्बन्धी कुराको जस्ताको तस्तै वर्णन गरिन्छ। यो कविप्रतिभाद्वारा लक्षित शिशु, पशुपक्षी र वस्तु वा विषयको जस्ताको तस्तै वर्णन हो । यीबाहेक पनि अर्थालङ्कारका रूपमा लोकोक्ति, परिकर, कारक दीपक, विशेषोक्तिलगायत रहेका छन्। जहाँ लोक वा जनसाधारणमा प्रचलित उखान र टुक्कालाई प्रस्तुत गरेर कुनै विशेष कुरा व्यक्त गरियो भने लोकोक्ति अलङ्कार हुन्छ। यसर्थ लोकमा प्रचलित भएका कुराको प्रयोगबाट चमत्कार उत्पन्न हुने हुँदा यसलाई लोकोक्ति भनिएको हो। त्यस्तै परिकरको शाब्दिक अर्थ प्रकृतार्थलाई उपकृत गर्नु भए पनि भावपूर्ण विशेषणको आधिक्य देखिएमा परिकर अलङ्कार हुन्छ (उपाध्याय, २०६७, पृ. १२७)। यसमा अभिप्रायपूर्ण विशेषणको प्रयोगबाट प्रस्तुत पदार्थलाई उत्कर्ष प्रदान गरिन्छ भने विशेषणको चमत्कारमा निर्भर रहने यसमा व्यङ्ग्यार्थद्वारा वाच्यार्थलाई उत्कर्षपूर्ण तुल्याइएको हुन्छ ।

अनेकौं क्रियाका साथ एक कारकको सम्बन्ध स्थापित हुनु कारकदीपक हो। अर्थालङ्कारभित्रकै अर्को विशेषोक्ति अलङ्कार हो । यो असाधारण किसिमको उक्ति हो जहाँ कारण भए पनि कार्य नभएको देखाइन्छ । अतः कारण हुँदा पनि कार्यको अभाव देखाइन्छ भने विशेषोक्ति अलङ्कार हुन्छ (निरौला, २०६३, पृ. ७४) । यसमा विभावना अलङ्कारभन्दा ठिक विपरीत अवस्था रहेको हुन्छ। यसरी कारण

पर्याप्त मात्रामा रहँदारहँदै पनि कार्यको उत्पत्ति नहुनु विशेषोक्ति अलङ्कार हो । शब्द र अर्थमा आधारित अलङ्कारको संयुक्त संयोजनका कारण बनेका सङ्कर र संसृष्टिको पनि चर्चा गर्न सकिन्छ । सङ्करमा दुध र पानीझैँ छुटयाउन नसकिनेगरी अनेक अलङ्कारको एकत्र अवस्थिति रहन्छ भने छुट्याउन सकिने अवस्थामा संसृष्टि हुन्छ । यहाँ उल्लिखित अलङ्कारहरुको सैद्धान्तिक मान्यताअनुसार अर्थात् पौरस्त्य काव्यशास्त्रमा स्थापित अलङ्कार सिद्धान्तबमोजिम कृतिपठनका आधारमा आलङ्कारिक शिल्पसौन्दर्यका दृष्टिले *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहमा प्रयुक्त अलङ्कारको अध्ययन गरी वास्तविक तथ्यको निरूपण गरिएको छ ।

## छलफल तथा परिणाम

*मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रह अलङ्कार प्रयोगका दृष्टिले विवेच्य रहेको छ । यद्यपि यसको पूर्वाभासको कृतिको भूमिकामा विद्यमान वाक्यहरूले सङ्केत गरेका छन् । यसको पृष्ठभूमि निरन्तरको लेखनबाट परिष्कृत काव्यशैली वा काव्यभाषा रहेको स्पष्ट हुन्छ । यहाँ उपमा, उत्प्रेक्षा, रूपकजस्ता शास्त्रीय अलङ्कार भरमार प्रयोग नभए पनि काव्यलाई अलङ्कृत बनाउन अलङ्कारको प्रशस्त प्रयोग गरिएको पाइन्छ । यसकारण पनि प्रस्तुत लघुकथा सङ्ग्रहमा सङ्कलित कथाहरूको क्रमशः वर्ण्य, कथ्य (मूलत : व्यङ्ग्यार्थ) र अलङ्कृतताको विश्लेषण गरिएको छ । *मन्त्रीको मुस्कान* लघुकथासङ्ग्रहका लघुकथामा प्रयुक्त केही अलङ्कारको विवेचना यसप्रकार छ :

### उपमा अलङ्कार

*जुक्ति* लघुकथामा 'मान्छे जस्तै स्त्री पुरुष बनाई पठाएँ' कथनमा उपमा अलङ्कारको प्रयोग गरिएको छ । *उपचार* लघुकथामा एक प्रकारको मनोरोगीको चर्चा गरिएको छ । सोचेअनुरूपको सम्मान पाए पनि फेसबुकमा लाइक र कमेन्ट आएन भनेर चिन्तित एवम् रुग्ण बन्ने वर्तमान समयका मानवका स्वभावको चित्रण पाइन्छ । त्यसै गरी मानव कतिसम्म यन्त्रको नियन्त्रणमा परेको छ भन्ने तथ्यबोध गराएको छ । 'जिउ सुकेर बामझैँ भइसक्यो' भन्ने अभिव्यक्तिमा उपमा अलङ्कार आएको छ । *मौनी* लघुकथामा पहाडबाट भर्खरै काठमाडौँ आएकी जे भने पनि 'थाहा छ के थाह छ' भन्ने प्रवृत्ति भएकी दिदी र भाइका बीचको संवादमा आधारित छ । उनले मौनी अमावस्याका दिन नबोलीकनै नुहाउनुपर्दछ भन्ने कुराको पनि 'थाहा छ के थाह छ' भनी जबाफ दिएकी छ । जसले मन्दहास्य उत्पन्न गराउँछ । आफूलाई केही थाहा नभए पनि थाहा छैन नभन्ने र आफूलाई सर्वज्ञ सिद्ध गर्न खोज्ने मानवीय प्रवृत्तिको उद्घाटन गरिएको छ । 'ऊ त्यो जाँतोको मानीजस्तो छ नि त्यो धरहरा हो' यस वाक्यमा उपमा अलङ्कार प्राप्त गर्न सकिन्छ । यसमा उपमेय, उपमान र वाचक शब्दको प्रयोग गरिएको छ भने साधारण धर्म गम्य छ । *मापदण्ड* लघुकथामा माइतमा गएर दाजु भाउजूलाई बाआमाको राम्रो हेरविचार गर्न आग्रह गर्ने तर आफूले पनि आफ्ना सासू ससुराको हेरचाह गर्नुपर्छ भनी कर्तव्यबोध नगर्ने नारीका स्वभावको चित्रण गरिएको छ । अरूलाई कर्तव्यको उपदेश दिने र अरूबाट कर्तव्यपालनको अपेक्षा गर्नेले स्वयम् पनि कर्तव्यनिर्वाह गर्नुपर्दछ भन्ने सन्देश दिइएको छ । शीर्षकले कर्तव्यको मापदण्डमा नै प्रश्नचिह्न

लगाएको छ । 'यहाँ श्रवणकुमारजस्तो दाजु छ' उपमा अलङ्कार अलङ्कार पाइन्छ । *आँखा* लघुकथामा आमा र छोरीका संवादका रूपमा रहेको र प्रथम पुरुष दृष्टिबिन्दुमा रचना गरिएको आँखाले दृष्टिहीन आमाजस्ती भनेकामा बालिकामा पारेको प्रभावको वर्णन गरिएको छ । चर्मचक्षु र मानसचक्षु गरी चक्षु (आँखा) दुई प्रकारको हुन्छ र चर्मचक्षुले देख्ने नसके पनि मानसचक्षुले देखिरहेको हुन्छ भन्ने तथ्य बोध हुन्छ । 'जस्ती आमा उस्तै छोरी'मा उपमा अलङ्कार आएको छ । दाँत लघुकथामा एउटा वृद्धद्वारा गरिएको आफ्ना दाँतको खोजी र ससुरा र बुहारीका बीचको संवाद रहेको छ । मानवीय स्वभावको चित्रण गर्नु कथाको लक्ष्य हो । यहाँ 'सानो शिशुले झैँ मुख पाउपाउ गरिरहे' भन्ने अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग गरिएको छ । *बा र अक्षर* लघुकथामा एउटा पिताले आफ्ना पुत्रलाई राम्रा अक्षर लेख्न दिएको अभिप्रेरणालाई विषय बनाइएको छ । यहाँ छोराको कापी नै नहेरी राम्रा अक्षर बनाउन प्रेरणा दिने पिताले छोराकै कापी ल्याई यस्ता अक्षर बनाउनुपर्दछ भनी प्रेरणा दिइएको विषय आएको छ । यसरी एउटा पिताले पुत्रको प्रगतिमा गर्ने आकाङ्क्षा अभिव्यक्त गरिएको छ । यहाँ सिलित्त परेका, मोतीका दाना मिलाएर राखेजस्ता भन्ने अभिव्यक्तिमा उपमा अलङ्कारका सुन्दर प्रयोग रहेका छन् । 'बाबाजस्तो कर्मठ र उद्यमी यता अरू कोही छैन' भन्ने अभिव्यक्तिमा सन्दर्भअनुसार उपमा, परिकर र दीपक अलङ्कार आएका छन् ।

### अतिशयोक्ति अलङ्कार

*अल्लाहेश्वर* लघुकथामा 'बादल बर्सेलाबर्सेलाझैँ भयो', 'ज्वालामुखी फुट्लाफुट्लाजस्तो भयो' भन्ने अभिव्यक्तिमा उत्प्रेक्षा र अतिशयोक्ति अलङ्कारका प्रयोग पाइन्छन् । *भाले* लघुकथामा भालेका माध्यमले आफ्ना अभावमा नियमित कार्य नै ठप्प हुन्छन् भन्ने प्रवृत्ति भएका मानिसको स्वभावलाई व्यक्त गरिएको छ । *खाना* लघुकथामा यातायातका साधनले बाटोमा खान खानका लागि रोक्ने होटेलको वास्तविकतालाई उजागर गरिएको छ । यहाँ 'एउटा च्याउसे अनुहार चिच्यायो' च्याउसे अनुहार भएको व्यक्ति चिच्यायो भन्नुपर्नेमा च्याउसे अनुहार चिच्यायो भनिएकाले अतिशयोक्ति अलङ्कार पाइन्छ । *रेष्टुरेन्ट* लघुकथामा छिमेकीद्वारा खोलिएको रेष्टुरेन्टमा आफूहरूको आगमनबाट आरम्भमा छिमेकी प्रसन्न भएको तर पछि आफूहरूकै आगमनबाट ऊ उद्विग्न एवम् मलिन हुन थालेका घटना रोचक ढङ्गले प्रस्तुत गरिएका छन् । सरहरूको आगमनबाट फस्टाएको व्यापार कम हुन थालेको वर्णन गरी कौतूहलको उपशमन गरिएको छ । 'उसको अनुहारमा डम्म बादल लाग्यो' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कार आएको छ । यसै गरी यहाँ उत्तर अलङ्कारका सुन्दर प्रयोग पनि रहेका छन् । *ईश्वरको पुनर्जन्म*मा उदार हृदय भएमा सर्वत्र ईश्वरको दर्शन हुन्छ भन्ने सन्देश दिइएको छ । 'चिच्याहटले गाउँ सहर सारा गुञ्जायमान भयो' भन्ने कथनमा अतिशयोक्ति अलङ्कार पाइन्छ ।

### पर्यायोक्ति अलङ्कार

*ताकत* लघुकथामा एउटा ताकत नभएको व्यक्तिले कसरी तागत जुटायो भन्ने देखाइएको छ । तागत

आन्तरिक र बाह्य दुबै प्रकारको हुन्छ । आन्तरिक तागत खाद्यान्नले र बाह्य तागत उपभोग्य पदार्थले प्रदान गर्दछ । यहाँ 'उसले सडक नाप्न थाल्यो' 'सडकपेटीको निरीक्षणमा निस्कियो' नाङ्ले पसल, 'उसले हात थाप्यो र सिप्किनो पायो' भन्ने अभिव्यक्तिमा पर्यायोक्ति अलङ्कार रहेका छन् । *ओखती* लघुकथामा विभिन्न बहाना बनाई अरूसँग पैसा मागी मादकपदार्थ सेवन गर्ने व्यक्तिको यथार्थता प्रकट गरिएको छ । 'ओखती गरौँ भनेको खल्ती रित्तै छ' यो पैसा छैन भन्नका लागि प्रयोग गरिएको अभिव्यक्ति हो । कथ्यलाई प्रकारान्तरले भनिएको हुनाले यहाँ पर्यायोक्ति अलङ्कार पाइन्छ ।

### दीपक अलङ्कार अलङ्कार

*अर्की सावित्री* लघुकथामा आफ्नी पत्नीप्रति अनावश्यक आशङ्का गर्ने र त्यसकै भरमा तथ्य नबुझ्री पत्नीलाई प्रताडना दिन पनि पछि नपर्ने पुरुष मानसिकताको अभिव्यक्ति भएको छ। 'खाटमुनि, शौचालय, छिँडी र छत सबैतिर फटाफट खानतलासी गऱ्यो ।' भन्ने अभिव्यक्तिमा यहाँ सबै कर्म एकैसाथ भएको छ। यहाँ दीपक अलङ्कार पाइन्छ। *श्री तीन* लघुकथामा श्री तीन (राणा सरकार) को अन्तिम समयमा उनीहरूका समर्थकद्वारा गरिएको आर्तआलाप र शासकहरूले उनीहरूलाई प्रकारान्तरले भए पनि राहत दिन गरेको प्रतिबद्धताको वर्णन गरिएको छ । यहाँ राणा शासन हटेपछि राणाप्रवृत्ति हटेको छैन भन्ने लेखकीय धारणा व्यक्त भएको छ । 'तिमीहरूको यो भक्ति, सेवा, श्रद्धा र प्रार्थनाबाट निथ्रुक्क भिजेको छु' भन्ने अभिव्यक्तिमा समुच्चय आएको छ । 'हिमाल, पहाड र तराई गुञ्जायमान भयो' भन्ने अभिव्यक्तिमा दीपक अलङ्कारको प्रयोग भएको छ । 'आँसुको भेल बग्यो' भन्ने अभिव्यक्तिमा अलङ्कृत वाक्य आएको छ । *मात्र मान्छे* लघुकथामा 'एउटा सुन्दर प्राकृतिक उपवन थियो' सार्थक विशेषणका माध्यमले व्यक्त हुने परिकर, 'नभचर, थलचर र जलचर रहेछन्' भन्ने अभिव्यक्तिमा प्रस्तुत वा अप्रस्तुत अनेकौं कारकको एउटै क्रियासित सम्बन्ध हुने दीपक अलङ्कारको प्रयोग भएको छ । ' बाबाजस्तो कर्मठ र उद्यमी यता अरू कोही छैन' भन्ने अभिव्यक्तिमा सन्दर्भअनुसार उपमा, परिकर र दीपक अलङ्कारको प्रयोग गरिएको छ ।

### काव्यलिङ्ग अलङ्कार

*मात्र मान्छे* लघुकथामा विभिन्न वाक्यमा काव्यलिङ्ग अलङ्कार आएका छन् । अप्रस्तुत पिञ्जराले लकडाउनका कारण पिञ्जरासमान बनेको प्रस्तुत घरको बोध गराउने हुनाले शीर्षकमा नै अप्रस्तुतप्रशंसा रहेको छ र  यहाँ उत्तर तथा काव्यलिङ्ग अलङ्कार पनि प्राप्त गर्न सकिन्छ । 'उसको हठको अगाडि म हारेको थिएँ' भन्ने कथनमा काव्यलिङ्ग अलङ्कार रहेको छ । त्यस्तै पशुप्रतिको संवेदशीलतामा पनि काव्यलिङ्ग अलङ्कारको प्रयोग गरिएको छ । *बा र अक्षर* लघुकथामा अक्षर राम्रा भएमात्र जीवनमा सफल भइन्छ भन्ने अभिव्यक्तिमा काव्यलिङ्ग अलङ्कारको प्रयोग गरिएको छ । *हुँडार र एकता* लघुकथामा क्षणिक एकताको बेफाइदा वर्णन गरिएको छ । 'एक्लाएक्लै केही गर्न नसकेपछि भोकभोकै मर्ने अवस्थामा पुगेका पाँच छ हुँडारमा गजबको एकता भयो' भन्नेजस्ता अभिव्यक्तिमा काव्यलिङ्ग अलङ्कार पाइन्छ । *सावित्री* लघुकथामा पौराणिक आख्यानमा प्रसिद्ध सावित्री र सत्यवान्को

आख्यानसूत्रलाई आधार बनाई वर्तमानका सावित्रीहरूको चरित्र उजागर गरिएको छ। *बोझ* लघुकथामा पुस्तकको भारी बोकेर स्कुल जानका लागि उकालो चढिरहेका लालु र लालिमाको संवाद रहेको छ। यहाँ 'पिठ्युँमा दुईतिर गरुङ्गा बोरा बोकेका चार पाँच खच्चर पनि ठसठस कन्दै उकालो चढ्दै थिए।' ठसठस कन्याइको हेतुका रूपमा बोरा बोकाइलाई दिइएकाले काव्यलिङ्ग अलङ्कार पाइन्छ।

### अप्रस्तुतप्रशंसा अलङ्कार

*बाघको विजय* शीर्षक प्रतीकात्मक रहेको छ। यहाँ बाघ कृत्रिमता प्रकट गर्ने क्रूर नेताको प्रतिनिधि बनेर आएको छ। यहाँ जनतालाई भुलभुलैयामा राख्ने प्रवृत्तिको उजागर गरिएको छ। त्यसैले यहाँ अप्रस्तुतप्रशंसाको उपयोग गरिएको छ। 'चिकित्सकको तेस्रो नेत्र खुल्यो' भन्ने कथनमा लोकोक्ति अलङ्कार रहेको छ। *पिँजडा* कथामा अप्रस्तुत पिञ्जराले लकडाउनका कारण पिञ्जरासमान बनेको प्रस्तुत घरको बोध गराउने हुनाले शीर्षकमा नै अप्रस्तुतप्रशंसा रहेको छ। पिञ्जरा कथामा अप्रस्तुत पिञ्जराले लकडाउनका कारण पिञ्जरासमान बनेको प्रस्तुत घरको बोध गराउने हुनाले शीर्षकमा नै अप्रस्तुतप्रशंसा रहेको छ।

### तत्त्व, लोकोक्ति, उत्प्रेक्षा, उत्तर र समासोक्ति अलङ्कार

*मूल्य* लघुकथा मन भक्कानो परेर आउँछमा कथाले दर्शनको पनि स्पर्श गरेको छ र अलङ्कृत वाक्यावलीको बहुलता छ। 'तथागत र तपाइँहरूमा कुनै फरक छैन' त्यसैले यहाँ तत्त्व अलङ्कार आएको छ। *हन्तकाली* लघुकथामा 'जब पऱ्यो राती अनि बूढी ताती' लोकोक्ति अलङ्कारको प्रयोग गरिएको छ। *भर* लघुकथामा 'ऊ कतै हिँडेजस्तो लाग्यो' भन्ने अभिव्यक्तिमा उत्प्रेक्षा अलङ्कारको प्रयोग गरिएको छ। *अल्लाहेश्वर* लघुकथामा 'बादल बर्सेलाबर्सेलाझैँ भयो'। 'ज्वालामुखी फुट्लाफुट्लाजस्तो भयो' भन्ने अभिव्यक्तिमा उत्प्रेक्षा र अतिशयोक्ति अलङ्कारका प्रयोग पाइन्छन्। *भाले आँखा* लघुकथामा "हो हो देख्छु आमा" मैले भने।' भन्ने अभिव्यक्तिमा उत्तर अलङ्कारको प्रयोग रहेको छ। पिञ्जरा कथामा अप्रस्तुत पिञ्जराले लकडाउनका कारण पिञ्जरासमान बनेको प्रस्तुत घरको बोध गराउने हुनाले शीर्षकमा नै अप्रस्तुतप्रशंसा रहेको छ। यहाँ उत्तर र काव्यलिङ्ग अलङ्कार पनि प्राप्त गर्न सकिन्छ। *थाल* लघुकथामा 'वेला वेलामा चिसो बतासले पसिना पुछिदिन्थ्यो' भन्ने अभिव्यक्तिमा समासोक्ति बनेर आएको छ।

### अलङ्कृत पदावली र वाक्य

*थाल* लघुकथामा 'उसको अनुहार अमिलियो' 'कौतूहलको तुफान चल्न थाल्यो' आदि अलङ्कृत पदावली बनेर आएका छन्। *आगलागी* लघुकथामा घरमा आगलागी भएकाले चिन्तित बुबा, छोरा र छोरीका संवादका माध्यमले आगलागीबाट उत्पन्न मनोव्यथाको निरूपण गरिएको छ। 'उसको मन भक्कानियो। उसलाई आफ्नो मनमा आगो लागेजस्तो भयो।' 'उसको मनको आगो ऋयाप्पै निभ्यो' जस्ता चेतनवस्तु वक्रताबाट अभिव्यक्त हुने अलङ्कार सौन्दर्य रहेको छ। *राजनीतिक नियुक्ति* लघुकथामा राजनीतिक नियुक्तिका नाममा कार्यरत कर्मचारीलाई पीडा दिने प्रवृत्तिको चर्चा गरिएको छ। 'उनको अनुहारको बत्ती

ज्याप्प निभ्यो' भन्ने अभिव्यक्तिमा अलङ्कृत गद्यांशको प्रयोग भएको छ । *मल्लयुद्ध* लघुकथामा प्रथम पुरुष लेखक स्वयम् प्रमुख पात्र र उनको साथी सहायक पात्रका रूपमा रहेका छन् । शारीरिक शक्तिका आधारमा परस्पर गरिने युद्ध मल्लयुद्ध हो । यहाँ मच्छरसँग मल्लयुद्ध भएको छ । सँगैको कोठामा सुतेको साथीले मच्छर मार्दा आएको आवाजले सुत्न नसकेको म पात्र (कपिल) को मनको द्वन्द्व प्रस्तुत गरिए पनि 'एक्लो मान्छे । मच्छरदानी पनि एउटै । त्यो तपाईंका लागि लगाइदिएँ । रातभर मच्छरले टोकेर सुत्नै दिएनन्' बाट रहस्यको उद्घाटन भएको छ । यहाँ 'प्याट्ट आवाज'जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरी वाक्यलाई अलङ्कृत बनाइएको छ । *ओखती* लघुकथामा 'त्यहाँ मैले दिएको पैसा बोलिरहेको थियो' अलङ्कृत वाक्य आएको छ । *मान्छे* लघुकथामा मान्छेको खोजीमा हिँडेको व्यक्तिले आफूलाई नै मान्छेका रूपमा पाएको वर्णन गरिएको छ । सबैले आफूलाई साधारण मानवका रूपमा नचिनाई आफूले अवलम्बन गरेका पेसाका आधारमा नै चिनाउन चाहन्छन् भन्ने भाव व्यक्त गरिएको छ । यहाँ 'उसको मनमा च्वास्स घोच्यो' अलङ्कृत पदावली प्रयोग भएको छ । *मूल्य* लघुकथा वैद्यको उपचारबाट स्वस्थ भएकाले अनुगृहीत एउटी महिलाको उपचारको मूल्य दिन आएका बेलामा वैद्यसँग भएको संवादमा आधारित छ । *सफा मन* लघुकथामा 'उनीहरूले बुद्धका अगाडि आ-आफ्ना दुःख बिसाए ।' अलङ्कृत प्रयोगका दृष्टिले महत्त्वपूर्ण वाक्य हो । *गहना र नाक* लघुकथामा गहनाकी सौखिन नारीले आफ्नो नाक दिएर रुपियाँ लिएर गएको सन्दर्भ रहेको छ । 'लटरम्म गहना'जस्ता पदावलीको प्रयोगद्वारा कथालाई अलङ्कृत बनाइएको छ । *मन्त्रीको मुस्कान* लघुकथामा असंवेदनशील मन्त्रीको यथार्थता व्यक्त गर्नु कथाको लक्ष्य रहेको छ । प्राकृतिक प्रकोपबाट उत्पन्न विपद्लाई दसैँ मानी हर्षित हुने मन्त्रीले सचिवको संवेदना र प्रजाहरूको पीडालाई बुझ्न सक्दैन । 'मन्त्रीको मन्द मुस्कानका साथमा थपे, 'प्रकृतिलाई धन्यवाद छ । यो त हामीलाई अर्को दसैँ ।'' जस्ता अलङ्कृत वाक्य आएका छन् । 'जनता बेहाल भएका छन्,' 'उनले मन्त्रीको अनुहार पढे'लगायत अलङ्कृत प्रयोगका उत्कृष्ट नमुना हुन् । *साझा तीर्थ* लघुकथामा धर्मका नाममा परस्परमा विभक्त भई सङ्घर्ष गर्ने र रातमा एकै ठाउँमा जम्मा भई मदिरापान गर्ने व्यक्तिको इतिवृत्त प्रस्तुत गरिएको छ । जनताका अगाडि लडाइँ तथा झगडा गर्ने तर आपसमा मिलेर आनन्दको उपभोग गर्ने नेताको प्रवृत्ति उजागर गरिएको छ । 'मनको गम मेटाउन' अलङ्कृत प्रयोग छ । यसरी लामिछानेको *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहमा शब्दालङ्कारको प्रयोगबाट शब्दगत चमत्कृति सृजना भएको पाइन्छ । अर्थालङ्कारका रूपमा उपमा, उत्प्रेक्षा, स्वभावोक्ति, रूपक, कारकदीपकजस्ता अलङ्कारहरूले अर्थगत चमत्कृति सृजना गरेका छन् । दुबै अलङ्कारको सहज तथा सरल प्रयोग गरी भाव र विचारलाई प्रभावकारी रूपमा सम्प्रेषण गर्न सक्नु लामिछानेको अलङ्कार प्रयोगको विशिष्ट क्षमता हो । *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहमा विषयवस्तुलाई सशक्त किसिमले प्रस्तुत गर्न र सौन्दर्यलाई सुदृढ तुल्याउन अलङ्कारहरूले सहयोग गरेका छन् । यस लघुकथा सङ्ग्रहमा विभिन्न अलङ्कारहरूको स्वाभाविक उपस्थिति देखिन्छ । यसरी विभिन्न अलङ्कारहरूको सहज एवम् रमणीय संयोजनले लामिछाने चिन्तनपक्ष मात्र नभई कलापक्षसमेत सफल बनेको छ । अतः अलङ्कार चमत्कृतिका दृष्टिले लामिछानेका लघुकथा विवेच्य रहनुका साथै भावसम्प्रेषणका लागि अनुकूल रहेका

छन् । यस लघुकथा सङ्ग्रहमा शब्दालङ्कारका सहज प्रयोग रहेका छन् भने अर्थालङ्कारका दृष्टिले सान्दर्भिक प्रयोगद्वारा लघुकथासङ्ग्रह सौन्दर्यपूर्ण बन्न पुगेको छ ।

## निष्कर्ष

भामहदेखि लिएर जगन्नाथसम्म धेरै आचार्यहरूले विभिन्न ढङ्गले अलङ्कारको व्याख्या, निरूपण र मूल्याङ्कन गरेका छन् । कतिपय आचार्यहरूले यसलाई काव्य वा साहित्यको सर्वप्रमुख तत्त्व मानेर सम्पूर्ण साहित्यिक तत्त्वलाई यसैभित्र समावेश गरेका छन् । कतिपय आचार्यहरूले यसलाई साहित्यको सौन्दर्यवर्धक तत्त्वका रूपमा मात्र लिएका छन् । केही आचार्यहरूले सौन्दर्यपरक अर्थमा शब्दालङ्कार र अर्थालङ्कार दुवैलाई लिएर त्यसैलाई साहित्यको साध्यवस्तु सिद्ध गर्न खोजेका छन् । प्रस्तुत *मन्त्रीको मुस्कान* लघुकथा सङ्ग्रहमा कतै मानवीय स्वभावको चित्रण गरिएको छ भने कतै सामाजिक र कतै राजनीतिक यथार्थको प्रस्तुति गरिएको छ। मल्लयुद्धजस्ता कथाहरूमा स्थानविशेषका, सिस्टमजस्ता कथाहरूमा कार्यालय विशेषका र खानाजस्ता कथाहरूमा यातायातका साधन रोकिने होटलहरूका यथार्थको प्रस्तुति पाइन्छ। यसै गरी मापदण्डजस्ता कथाहरूमा कमजोर हुँदै गएका नैतिक धरातलको यर्थात चित्रण पाइन्छ । मानवीय स्वभाव, व्यक्तिप्रवृत्तिलगायतका वर्णनमा स्वभावोक्ति अलङ्कार देखिएका छन् । मूर्तिमा परिणत हुने ढुङ्गाले जीवनमा अनेक आघात सहेर उच्चता प्राप्त गरेको व्यक्तिको बोध गराउँछ भने सँघारमा डसाइएको ढुङ्गाले जीवनमा आइपर्ने समस्यासँग लड्न नसकी पछि सर्ने र प्रगति गर्न नसक्ने व्यक्तिको बोध गराउँछ । यस कथासङ्ग्रहका पिँजडा, बाघको विजयजस्ता कतिपय शीर्षकहरूबाट नै अप्रस्तुतप्रशंसा अलङ्कार व्यक्त भएका छन् । कारण हुँदा पनि कार्य नहुने र कार्य भए पनि कारण नदेखिने विभावना र विशेषोक्ति अलङ्कारहरू यत्र तत्र घटित भएका छन् । कुनै पनि कार्यको कारण निरूपणबाट अभिव्यक्त हुने काव्यलिङ्ग अलङ्कार ठाउँ ठाउँमा सन्निविष्ट भएका छन् । प्रस्तुत प्रस्तुतको अथवा प्रस्तुत र अप्रस्तुतको एउटै क्रियाका साथमा सम्बन्ध हुँदा व्यक्त हुने दीपक अलङ्कार पनि यस कथासङ्ग्रहमा ठाउँ ठाउँमा आएका छन् । प्रमुख अलङ्कारमा नपर्ने केही अन्य अलङ्कारको स्थिति पनि प्रस्तुत कथासङ्ग्रहमा पाउन सकिन्छ। ठाउँ ठाउँमा दृष्टिगत हुने शब्दालङ्कारको सौन्दर्यलाई पनि उपेक्षा गर्न सकिन्न । उक्त वास्तविकता हुँदाहुँदै पनि यसमा अर्थालङ्कारलाई बढी महत्त्व दिइएको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०५६). *पूर्वीय समालोचना-सिद्धान्त.* (छैटौँ संस्क.). साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य सिद्धान्त.* (पाँचौं संस्क.). साझा प्रकाशन ।

ढकाल, वेणीमाधव (२०६७). *काव्यदीपिका.* (दोस्रो संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

दण्डी (सन् १९८५). *काव्यादर्श.* रामचन्द्र मिश्र (हिन्दी व्याख्याकार). चौखम्बा विद्याभवन ।

पन्थ, नारायणप्रसाद (२०७३). *प्रश्रितको मानव महाकाव्यमा अलङ्कार.* अप्रकाशित लघुअनुसन्धान. त्रि.वि. अनुसन्धान केन्द्र ।

पन्थ, नारायणप्रसाद (२०७५). *मोदनाथ प्रश्रितका महाकाव्यमा अलङ्कार.* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), नेसंवि, अनुसन्धान केन्द्र, दाङ ।

निरौला, लेखप्रसाद (२०६३). *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कारयोजना.* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), नेसंवि, अनुसन्धान केन्द्र, दाङ ।

भामह (२०३८). काव्यालङ्कार (दोस्रो संस्क.). चौखम्बा संस्कृत संस्थान ।

मम्मट (सन् १९८९). *काव्यप्रकाश.* श्रीनिवास शास्त्री. (सम्पा). (दोस्रो संस्क.). साहित्य भण्डार ।

रुय्यक (सन् १८९३). *अलङ्कारसर्वस्वम्.* दुर्गाप्रसाद र काशीनाथ (सम्पा.). टुकाराम जावजी ।

लामिछाने, कपिल (२०८०). *मन्त्रीको मुस्कान.* भुँडीपुरान प्रकाशन ।

विश्वनाथ (सन् १९७०). *साहित्यदर्पण* (सम्पा). सत्यव्रत सिंह. (तेस्रो संस्क.). चौखम्बा विद्याभवन ।

हीरा राजवंश सहासन् (सन् २००३). *भारतीय काव्यशास्त्र.* चौखम्बा विद्याभवन ।